त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यानटार, धादिङ
बागमती प्रदेश, नेपाल

मितिः २०८३/०७/१६

टिप्पणी र आदेश

विषय: तेश्रो पटक शिलबन्दी बोलपत्र (ठेक्का) आव्हान गर्ने सम्बन्धमा ।

श्रीमान्,

प्रस्तुत विषयमा त्रिपुरासुन्दरी गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने घाटहरुबाट नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा एवम् रोडा आदि) को उत्खनन्, संकलन तथा बिक्रि वितरण शुल्क बन्दोवस्ती सम्बन्धि ठेक्का प्रथम पटक प्रकाशन मिति २०८३/०५/१७ गते २१(एक्काइस) दिने सूचना आव्हान गरिएकोमा ५ (पाँच) वटा प्याकेज मध्ये पड्केघारी, कास्टे खोला, आरुघाट नाका, त्रिपुरासुन्दरी गा.पा.२, बुटार, कास्टे खोला त्रिपुरासुन्दरी गा.पा. ३ र २, आरुघाट बगर र बुढीगण्डकी खोला त्रिपुरासुन्दरी गा.पा.-२, आरुघाट बगर (ठेक्का नं. TRM/RAJASHOW/02/2083/084) र मगरडाँडा नाका (मगरडाँडा देखि सुकौरा सम्म), त्रिपुरासुन्दरी गा.पा. - ०६, सुकौरा नाका, (सुकौरा देखि खहरे पुल सम्म), त्रिपुरासुन्दरी गा.पा. - ०७, टारीबेसी नाका त्रिपुरासुन्दरी गा.पा.- ०१, टारीबेसी (ठेक्का नं. TRM/RAJASHOW/03/2083/084) दुई वटा नाकाको ठेक्का स्वीकृत भएको र दोश्रो पटक सूचना प्रकाशन मिति २०८३/०६/०८ गते ७ (सात) दिने सूचना आव्हान गरिएकोमा बुट्टार नाका, (बांगेरह देखि देवीथान सम्म) बुढीगण्डकी खोला त्रिपुरासुन्दरी गाउँपालिका-१, बुट्टार नाका (ठेक्का नं. TRM/RAJASHOW/01/2083/084) एक वटा नाकाको ठेक्का स्वीकृत भएको छ ।

नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा एवम् रोडा आदि) को उत्खनन्, संकलन तथा बिक्रि वितरण शुल्क बन्दोवस्ती सम्बन्धि ठेक्काको लागि कुल ५ (पाँच) वटा प्याकेज मध्ये ३ वटा ठेक्का स्वीकृत भएको र बाँकि २ वटा प्याकेज मध्ये डाँडागाउँ नाका त्रिपुरासुन्दरी गा.पा.-१ (ठेक्का नं. TRM/RAJASHOW/05/2083/084) मा मिति २०८३/०६/२५ गते बुढीगण्डकी नदिमा गएको बाढीले क्षति गरि स्वीकृत IEE मा भएको परिमाण एकिन नहुने भएकोले हाललाई १ वटा प्याकेज लापांग नाका, (खहरे पुल माथि देखि हाइड्रो सम्म) त्रिपुरासुन्दरी गा.पा.-७, लापांग नाका, त्रिपुरासुन्दरी गा.पा.-७, लापांग खोला, त्रिपुरासुन्दरी गा.पा.-७, खहरे (ठेक्का नं. TRM/RAJASHOW/04/2083/084) तेश्रो पटक सूचना प्रकाशन गर्नको लागि सार्बजनिक खरिद (दोश्रो संशोधन) ऐन २०६३ को दफा १४ को ४ (ख) बमोजिम एक तह माथिको अधिकारीबाट स्वीकृति लिई ३ (तीन) दिनको अवधि दिई पुन: बोलपत्र आव्हान गर्न सकिने व्यबस्था भएकोले स्वीकृतिको लागि निर्णयार्थ यो टिप्पणी पेश गर्दछु ।

तपशिल:

क्र.सं.	बोलपत्र नं.	बोलपत्रको नाम	वार्षिक न्यूनतम बोलपत्र रकम (मु.अ.कर बाहेक)	उत्खनन् तथा संकलन गर्न पाउने अधिकतम परिमाण (घ.मी)	कैफियत
1.	TRM/RAJASHOW/04/2083/084	लापांग नाका, (खहरे पुल माथि देखि हाइड्रो सम्म) त्रिपुरासुन्दरी गा.पा.-७ लापांग नाका, त्रिपुरासुन्दरी गा.पा.-७ लापांग खोला, त्रिपुरासुन्दरी गा.पा.-७, खहरे	57,47,022.46	23,248.20	